टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर,कैलाली,सुदूरपश्चिम प्रदेश,नेपाल

# सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
**(दोस्रो पटक प्रकाशित मिति २०७९/०३/१० गते)**

यस कार्यालयबाट चालू आ.व.२०७८/७९ को संघीय सरकार राजश्व बाँडफाँड अनुदान कार्यक्रम शिर्षक अर्न्तगत विभिन्न वडाहरुमा प्रयोग गर्न स्विकृत भएको हयूम पाईप खरिद तथा आपुर्ति कार्य ठेक्का प्रकियाद्वारा गर्नु पर्ने भएकोले मिति २०७८/०२/२४ मा १५ दिने सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित भए बमोजीम मिति २०७९/०३/०८ गते तोकीएको समयावधि भित्र यस कार्यालयमा रितपुर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु खोली मुल्यांकन गर्दा सारभूत रुपमा प्रभावग्राही देखिन नआएको हुंदा सार्वजनिक खरिद नियमावली ,२०६४ को दफा ८४ (३क) बमोजीम आयकरको स्थाई लेखा नम्बर भएका मु.अ.क.मा दर्ता भएका ईच्छुक रजिष्टर्ड हयूमपाईप उत्पादन तथा आपुर्ति गर्न ईजाजत प्राप्त कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हानका लागी दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक दरभाउपत्र दाताहरुले प्रत्येक कामको फिर्ता नहुने गरी रु.१,०००।- (अक्षेरुपी एक हजार हजार मात्र) बुफाई लिखित निवेदनको साथमा दरभाउपत्रदाताको अद्यावधिक ईजाजत पत्र, मु.अ.क.मा दर्ता भएको प्रमाण पत्र, र आ.व. २०७७/७८ सम्मको कर चुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु पेश गरि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०७९/०३/२४ गते सम्म) यस कार्यालयको राजश्व उप शाखाबाट दरभाउपत्र खरिद गरि मिति २०७८/०३/२६ गते दिनको १२.०० बजे भित्र दर्ता गराउनु पर्नेछ र सोही दिनको २.०० बजे कार्यालय प्रतिनिधी र दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन। दरभाउपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा सोको लगत्तै कार्यालय खोलिने दिन बोलपत्र दाखिला गर्ने र खोल्ने कार्य हुनेछ।

२. यस कार्यालयको प्रमुखले सहि गरेको र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गरी सोहि फाराममा आफ्नो दररेट लेखी दरभाउपत्रदाताले सही गरी दरभाउपत्र सिलबन्दी गरी पेश गर्नु पर्नेछ। एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

३. सिलबन्दी दरभाउपत्रको बाहिर खाममा यस कार्यालयलाई सम्बोधन गरी कामको नाम र ठेक्का नं. स्पष्ट उल्लेख गरी कम्पनीको नाम र छाप लगाएको सिलबन्दीको लाहाछापको नाम र संख्या स्पष्ट उल्लेख गर्नु पर्नेछ।

४. यस कार्यालयबाट विक्रि नभएको, जमानत संलग्न भै नआएको,बाहिर खाममा र बोलपत्रको व्यहोरा फरक परेको, म्याद नाघी आएको ,कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

५. नगद धरौटीको बैंक भौचरमा कम्पनीको नाम, ठेगाना लेख्नु पर्नेछ। सूचना प्रकाशित भएको मिति भन्दा अगाडीको बैंक भौचर वा बैंक ग्यारेन्टी वा ड्राफ्टलाई मान्यता दिईने छैन।

६. दरभाउपत्र साथ यसै सूचनामा तोकिएको धरौटी वाफतको रकम नेपाल बैंक लिमिटेड टीकापुर शाखामा यस कार्यालयको नाममा रहेको धरौटी खाता नं.१०७०३००००३०००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिनबाट गणना हुने गरी कम्तिमा ९० दिन म्याद भएको मान्यता प्राप्त "क"बर्गको वाणिज्य बैंकबाट जारी गरिएको बिडबन्ड संलग्न गर्नु पर्नेछ।

७.पेश भएको सिलबन्दी दरभाउपत्रको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ र दरभाउपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नु पर्ने छ।

८. पेश भएको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने,आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

९. दरभाउपत्र खरिद वा दर्ता गर्ने कम्पनीहरुले सामान सप्लाई गर्ने स्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिनेछ।

१०. सप्लाई गनु पर्ने हयूमपाईपहरु तोकिएको स्पेशिफिकेशन अनुसार सप्लाई गर्नु पर्नेछ।

११. दरभाउपत्र स्वीकृत नभएका दरभाउपत्रदाताहरुको विडवण्ड वा धरौटी रकम ठेक्का सम्झौता सम्पन्न भए पछि मात्र फुकुवा गरिनेछ

१२.यसमा उल्लेख भए वाहेकका अन्य कुराको हकमा दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भए अनुसार हुनेछ र बांकी सार्वजनिक खरिद ऐन ,२०६३ र सार्वजनिक खरिद नियमावली ,२०६४(एघारौं संशोधन सहित) तथा अन्य प्रचलित नेपाल कानुन बमोजीम हुनेछ।

१३. यस सम्बन्धि थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ।

**ठेक्का विवरण :-**

| सि.नं. | ठेक्का नं. | विवरण | आवश्यक संख्या | ल.ई.रकम (मु.अ. कर वाहेक) | दरभाउपत्र फाराम दस्तुर | जमानत रकम | कैपि |
|---|---|---|---|---|---|---|---|
| १ | TMO/३५/२०७८/०७९ | हयूम पाईप NP3 Standard ४५० mm, ६०० mm, ९०० mm र १२०० mm गोलाईको | NP3 Standard ४५० mm, गोलाईको हयूम पाईप - ३२ थान | रु.१७,६५,९६५।०३ | १०००।०० | ५५,०००।०० | |
| २ | | | NP3 Standard ६०० mm गोलाईको हयूम पाईप - ३४ थान | | | | |
| ३ | | | NP3 Standard ९०० mm गोलाईको हयूम पाईप - १० थान | | | | |
| ४ | | | NP3 Standard १२०० mm गोलाईको हयूम पाईप - ३ थान | | | | |

..........................
( प्रमुख प्रशासकिय अधिकृत )
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner